कनकाई नगरपालिका र CTEVT को साझेदारीमा संचालित

# कनकाई पोलिटेक्निक इन्ष्टिच्युट दुर्गापुर झापा

निःशुल्क शिक्षण हुने प्रि डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा सम्बन्धी जानकारी।

**के हो त औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम?**

उद्योग तथा शिक्षालय दुवैमा अध्यापन हुने यो कार्यक्रम प्रि डिप्लोमा तहको कार्यक्रम हो । यसको अबधि जम्मा २ बर्षको हुन्छ जसमध्ये सुरुका ३.५ महिना नियमित शिक्षालयमा पढाई हुन्छ भने १९.५ महिना उद्योग तथा कम्पनीमा र शिक्षालय दुवैमा पढाई हुन्छ। र अन्यको १ महिना पुन शिक्षालयमानै पढाई भई अवधि पुरा गरिन्छ। CTEVT वाट लिईने परिक्षामा सामेल भई पास भए पस्चात सम्बन्धित विषयको प्रि डिप्लोमा तह ( TSLC) सो सरहको सर्टिफिकेट प्राप्त गर्दछन। नेपालसरकारको चौथो तहको प्राविधिक पदमा प्रतिस्पर्धा गर्न योग्य हुन्छ।

**के कति खर्च लाग्छ यो पढ्न?**

यो कार्यक्रम पढ्नको लागि कुनै खर्च लाग्दैन छनोट भएका विद्यार्थीले उल्टै शिक्षालयवाट खाजा खर्च प्राप्त गर्दछन भने औद्योगिक शिकाईमा रहेको समयमा उद्योगवाट समेत न्यनतम मासिक ४००० प्राप्त हुन्छ यसरी हेर्दा एउटा विद्यार्थीले मासिक ७००० पैसा पनि पाउने पढ्न समेत पाउने हुन्छ कुनै पनि शुल्क लाग्दैन।

**के कति कोटामा पढाई हुन्छ? आवश्यक डकुमेन्ट के के चाहिन्छ त?**

**शैक्षक वर्ष २०८०को लागि शिक्षालयमा तपशिल बमोजिको कोटा प्रस्ताव गरिएको छ।**

| क.स | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम ( निशुल्क तर्फ ) | कोटा | कैफियत |
|---|---|---|---|
| १ | Pre-diploma in Information Technology | ३० जना | |
| २ | Pre-diploma in Civil Engineering (Building Construction) | ३० जना | |

**आवश्यक शैक्षिक योग्यता**

क. अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परिक्षा उत्तीर्ण ।

ख. अक्षराङ्कन पद्धति लागू भए पश्चातएस.ई.ई. परीक्षामा न्यूनतम ई ग्रेड प्राप्त ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. स्पष्ट मुखाकृत देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रङ्गिन फोटो,

२. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि

३. नेपाल बाहेक अन्यमुलुकवाट SLC/SEE वा सो सरहको परीक्षा उत्रीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि

**विद्यार्थीहरुले प्राप्त गर्ने सुविधाहरु**

१. निशुल्क अध्ययनको अवसर

२. खाजा/यातायात खर्च वापत प्रति विद्यार्थीलाई तोकिए बमोजिमको खाजा खर्च।

नोटः यस कार्यक्रममा अध्ययन गर्न विद्यार्थीलाई कुनै शुल्क लाग्ने छैन। विद्यार्थी छनोट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गरिदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रमपैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही विद्यार्थी छनोट प्रकृयालाई मार्यादित एवम निष्पक्ष रुपमा संचालन गर्न गारउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा शिक्षालयमा उपस्थित भई वा सम्पर्क गर्नुहुन समेत अनुरोध छ। सम्पर्कका लागि ९८५२६३०११३/९८१४९१३९७४/९८४२६७२३३६/९८०४९८७६२७/९८४२७३१८४७